अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

रामारोशन गाउँपालिका


# स्थानीय राजपत्र

खण्ड ८ संख्या: ३७ प्रमाणिकरण मिति: २०८०/१२/२३


भाग-२

**रामारोशन गाउँपालिका**

# रामारोशन गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०८०

CamScanner

# रामारोशन गाँउपालिकाको एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका २०८०

प्रस्तावनाः

रामारोशन गाँउपालिका अछाम भित्र खास गरी स्वास्थ्य सेवाको पहुँचवाट टाँढ रहेका बासिन्दालाई स्वास्थ्य सेवामा सर्व सुलभ पुर्याउनको लागी एम्बुलेन्स सेवा सञ्चालनलाई पारदर्शी सरल भरपर्दो र व्यवस्थित गर्ने तथा एम्बुलेन्स सेवामा जनताको पहुँच वढाई सेवाको गुणस्तर बृद्धि गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन एन २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी रामारोशन गाँउपालिकाले देहायको निर्देशका जारी गरेको छ।

## १ संक्षिप्त नाम प्रारम्भः

क यो निर्देशिकाको नामः एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका -२०८०

ख.यो निर्देशिका गाँउपालिका गाउँकार्यपालिकाको कार्यालयले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ।

**२ परिभाषाः-** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः-

क)"एम्बुलेन्स " भन्नाले बिरामि ओसार्न स्वीकृत प्राप्त गरेको वहान सम्झनु पर्छ र सो शब्दले एक्बुलेन्समा जडित उपकरण चालक र परिचालक समेतलाई जनाउदछ।

ख) एम्बुलेन्स जनशक्ति भन्नाले . एम्बुलेनसमा उपस्थित रहने स्वास्थ्यकर्मी, चालक सम्झनु पर्दछ।

ग).चालक भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्दछ।

घ) गाँउपालिका भन्नाले रामारोशन गा .पा.सम्झनु पर्दछ।

ङ) सेवा शुल्क भन्नाले एम्बुलेन्स प्रयोग गरेवाफत सेवा ग्राहिले बुझाउनु पर्ने गरे समितिले तोकेको शुल्क सम्झनु पर्दछ।

च .समिति भन्नाले दफा ३ बमोजित गठित एम्बुलेनस सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ ।

छ .सेवा भन्नाले एम्बुलेन्स विरामिलाई दिने सेवा सम्झनु पर्छ।

## ३ एम्बुलेन्ससेवा व्यवस्थापन तथा अनुगमन समितिः

१. एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन तथा रेखदेख गर्न देहायका पदाधिकारीहरु रहेका एक नगर एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहने छ।

क. गा. पा.अध्यक्ष -संयोजक

ख गा.पा. उपाध्यक्ष -सदस्य

ग प्रमुख प्रशासकिय अधिकूत -सदस्य

घ सामाजिक बिकास समिति संयोजक -सदस्य

CamScanner

ङ गा.पा. राजश्व हेर्न कर्मचारी -सदस्य

च . रामारोशन स्वास्थ्य प्रमुख -सदस्य सचिब

२. समितिको कुलं सदस्य संख्या मध्य ५१ % सदस्य उपस्थित भएमा बैठक बस्नको लागी गणपुरक संख्या पुगेको मानिनेछ।

३.समितिको बैठक आवश्कता अनुसार बस्नेछ। समितिको बैठक भत्ता गाँउकार्यपालिकाले निर्धारण गरेबमोजिम हुनेछ।

४. समितिको बैठक सम्बन्धि व्यवस्था र कार्यविधि समितिले निर्धारण गरेबमोजिम हुनेछ।

**<u>४. समितिको काम कर्तव्य र अधिकारः-</u>**

१ समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क . एम्बुलेन्स सेवा पारदर्शी सरल भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे नगरेको अनुगमन गर्ने।

ख.. चालकले पांलना गर्नुपर्ने आचारसंहिता लागु गराउने यस निर्देशिका अनुसारको आचारसंहिता पालना नगर्ने चालकलाई कारवाहिको लागी सिफारिस गर्ने ।

ग .एम्वुलेन्स सेवाको वारेमा कुनै गुनासो तथा उजुरी आएमा सो को सुनुवाई तथा व्यवस्थापन गर्ने ।

घ . एम्वुलेन्स निश्चित मापदण्को आधारमा भाडा निर्धारण गर्ने एक पटक निर्धारण गरेको भाडा २ बर्ष नपुगी पुनरावलोकन गर्ने नपाउने

ङ. सरोकारवाला विच आवश्कक्ता अनुसार एम्वुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने।

च . गाउँपालिकाको विशिष्टतालाई ध्यानमा राखी एम्वुलेन्स सेवा सैचालनको लागी आवश्यक थप मापदण्ड बनाउने।

छ . चालकले अनुसूची कमोजिमः सेवा शुल्क लिई बैकं कोषमा दादिला गरे नगरेको समयमा नरिक्षण गर्ने।

२ समितिको सदस्य सचिबले सेवा प्रवाह स्थितिको अघावधिक विवरण प्रतेक आषाढ मसान्तमा गाँउकार्यपालिकामा पेश गर्ने।

**<u>५ . सेवा शुल्क सम्वन्धि व्यवस्थाः-</u>**

१ एम्वुलेन्स सेवा प्रयोग गरे वाफत सम्वन्धित सेवा ग्राहिले अनुसूचि १ मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कको रुपमा बुझउनु पर्नेछ।

२ . एम्वुलेन्स सेवा वाफत उठेको रकम गाँउपालिकाले एक अलग बैंक खाता खोलि कोष खडा गरी त्यसमा जम्मा गर्नुपर्नेछ।

३ . सेवा शुल्क बाफत लिईने रकम असुलिका लागी गाँउपालिकाले नगदी रसिद छपाई उपलब्ध गराउने छ। नगदी रसिदको अभिलेख नियन्त्रण खाता गा पा मा राखिने छ।

CamScanner

४ . सेवा दिए बाफत लिईने सेवा शुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मवारी सम्बन्धित चालकको हुनेछ।

५ : कोषको रकम गाँउकार्यपालिकाले स्वीकृत गरेको वार्षिक कार्ययोजना अनुसार मात्र खर्च गर्न पाईने छ। कोषको रकम सामान्य तया चालको तलभ भत्ता ईन्धन एम्वुलेनसको मर्मत संभार र एम्वुलेन्समा रहने अति आवश्यक सामाग्री खरदिमा खर्च गरिनेछ।

## ६ . चालकको नियुक्ति र सेवा सुविधाः-

क. एम्वुलेन्स सेवा सैचालनको लागी गाउकार्यपालिकाले एक जना योग्यता पुगेको चालकको सेवा करारमा नियुक्ति गर्नेछ।

ख. चालकको सेवा सुविधा दफा ३ बमोजिको समितिले निर्धारण गरेबमोजिमको हुनेछ।

ग. चालकको रु २ लाख सम्मको दुर्घटना विमा गरिनेछ। विमाको प्रिमियम वाफतको रकम यसै नर्देशिका बमोजिमको कोष वाट व्यहोरिने छ।

घ. चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसूची २ कमोजिम हुनेछ।

## ७ .एम्वुलेन्स सेवा रहने स्थान र सो को मर्मत सम्भारः-

१ ,एम्वुलेन्स गाँउपालिकाको कार्यलयको हातामा रहनेछ।

२ . एम्वुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी गाँउपालिकाको र गर्नेजिम्मेवारी चालकको हुनेछ।

## ८. विभिधः

१ एम्बुलेन्समा रहने न्युनतम सेवा सुविधा तथा औषधीको विवरण अनुसुची ३ बमोजिम हुनेछ ।उक्त योग्यताहरु गाउँपालिकाले क्रमश पुरा गर्नेछ।

१० एम्बुलेन्स सवार विरामीका आफन्त तथा स्वास्थ्यकर्मिको विमाको दायित्व सेवाग्राही स्वयंमको हुनेछ

११ यस निर्दशिकामा आवश्यक्ता अनुसार संसोधन र हेरफेर समितिको सिफारीसमा गाँउ कार्यपालिकाले गर्न सक्ने छ।

*अनुसूची १*

निर्देशिकाको ५ संग सम्बन्धित सेवा शुल्क सम्बन्धी दररेट

| क सं | देखि | सम्म | दररेट | कैफियत |
|---|---|---|---|---|
| १ | सैनी | वयलपाटा/मंगलसेन | ५००० | |
| २ | खालबजार | मंगलसेन /वयलपाटा | ४७०० | |
| ३ | मुजाबगर | मंगलसेन वयलपाटा | ४५०० | |
| ४ | रामारोशन गा.पा. | धलगढी | १९००० | |

| | | | | |
|---|---|---|---|---|
| ५ | रामारोशन गा .पा | नेपालगञ्ज | २२५०० | |
| १० | रामारोशन गा.पा | डडेलधुरा | १५५०० | |
| ११ | रामारोशन गा पा | महेन्द्रनगर | २०००० | |
| १२ | रामारोशन गा पा | अन्य स्थनिय तह | प्रतिकिमि ३०० (कच्चि सडक) | |
| १३ | रामारोशन गा पा | रामारोशन गा प | प्रतिकिमि ३०० | |
| १४ | रामारोशन गा पा | सुर्खेत | १५००० | |
| | | | | |

- -यसमा उल्लिखित बाहेकका स्थानमा विरामी लिदा उल्लेख गरिएका नजिकका स्थानसंग तुलना गरेर शुल्क निर्धारण गरीनेछ।
- -दुरीको हकमा गन्तव्य स्थाननै मान्य हुनेछ।
- -एम्वुलेन्सको तोकिएको सेवा सुल्क र माग फारम भरी विरामी लैजानु अगावै कार्यलयमा बुझउनु पर्नेछ।
- -एक ट्रिपमा एउटा मात्र विरामिको साथमा वढीमा एकजना कुरुवा लगिनेछ।
- -अत्यावश्यक अवस्थामा एक भन्दा वढी विरामी लिन परेमा शुल्क प्रति विरामि एकल दरको ८० प्रतिसत लाग्नेछ।
- - मिथि जुनसुकै कुरा लेखिएको भएतापनि स्वास्थ्य संस्थाले जटिल स्वास्थ्य अवस्थामा रहेका गर्भवती , सुत्केरी तथा ८० बर्ष माथिका जेष्ठ नागरिकलाई रिफर गरेको कागजात भएमा निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ।
-

*<u>अनुसूची २</u>*

<u>(निर्देशिकाको दफा ६ को ३ संग सम्बन्धित)</u>

*अनुसूची ३*

निर्देशिकाको दफा ८ को उपदफा १ संग सम्वन्धित)

ग .बर्गको common life support (CLS) एम्वुलेन्समा हुनुपर्ने ओषधी र उपकरण

- Fist Aid का सामानहरु
- Oxygen cylinder flow meter/Mask जडित वा जरुरी परेमा राख्न रकिने सवारि साधन
- IV injection दिने सक्ने व्यवस्था
- Stetcher ,B.P. Apparatus, Tourchight
- Drivar with training in first aid and emergent medicine

एम्वुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१ एम्बुलेन्स संचालन निर्देशिका २०८० लाई पूर्णत पालना गर्नुपर्ने

२ आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनियता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने।

३ मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउनु नहुने

४ बिरामि ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामि तथा बिरामिको परिवारलाई सधै सम्मानपूर्वक व्यवार गरी उच्चस्तरीय सेवा प्रदान गर्नु पर्ने ।

५ कुनै पनि बिरामिलाइ ओसारे पसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नु ।

६ विरामिलाई बिच वाटोमा छोड्न नहुने।

७ आफ्नो कामको सिलसिला पाएका कूनै पनि सूचना गोप्य राख्नुपर्ने तथा बिरामीहरुवाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानुनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचना को वारेमा जानकारी दिने सक्ने ।

- १० अस्पताल पूर्व सेवा एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मदत पुर्याउनुपर्ने।
- ११ आफुले उचित देखेको बिरामिको गुणस्तरिय सेवामा प्रभाव पार्ने राम्रो कामको जानकारी आफ्नो सुपरीवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने ।
- १२ नेपाल सरकारले प्रतिकन्ध लगाएका बस्तुहरु ओसारपसार नगर्ने। प्रचलित कानुनको पालना गर्नुपर्ने।
- म.......................नाम...................................ठेगाना ................. ना.प्र.प.नं.............जिल्ला ड्राईभिङ्ग लाईसेन्स नं ........................................ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु
- ............................जिल्ला ...................संस्थाको एम्बुलेन्स चलाउदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्न सहमती जनाई सही छाप गरेको छु।
- चालकको: रोहबरमा प्रमाणित गर्ने व्याक्तिको:
- दस्तकत: दस्तखत:

मिति: नाम/पद

संस्थाको छाप

आज्ञाले:
प्रभुनाथ देबकोटा
नि.प्रमुख प्रशासकीय अधिकृत